कालिन्चोक गाउँपालिका
Kalinchok Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive

सुनखानी, दोलखा
बागमती प्रदेश, नेपाल

## नदीजन्य पदार्थको बिक्रीका लागि बोलपत्र/दरभाउपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०७८।०४। 16

कालिन्चोक गाउँपालिकाको तपशिल अनुसारका क्षेत्रहरुमा बागमती प्रदेशको आर्थिक ऐन २०७८ बमोजिम संकलन गरिने ढुंगा, रोडा ,ग्राभेल वालुवाको शुल्कबाट आ.व. २०७८/०७९ मा प्राप्त हुने आय संकलन गर्न ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले प्रचलित कानुन बमोजिम दर्ता भएका ईच्छु फर्म वा कम्पनीले फर्म नविकरण भएको प्रमाणपत्र , मुल्य अभिवृद्दि कर दर्ता प्रमाण पत्र, आ.ब. २०७६।०७७ को कर चुक्ता प्रमाणपत्र पेश गरी र कार्यालयबाट वा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाईट www.bolpatra.gov.np/egp बाट वोलपत्र/दरभाउपत्र फाराम खरिद र प्रत्येक ठेक्का नं. का लागि छुट्टाछुट्टै शिलबन्दी बोलपत्र/दरभाउपत्र तोकिएको अबधि र समयभित्र दर्ता गर्नका लागि सूचनाका शर्तहरुको अधीनमा र बोलपत्र/दरभाउपत्र प्रकृयामा सहभागीहुन सम्वन्धित सबैको जानकारीका लागी यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल :**

| ठेक्का नं. | उत्खनन् क्षेत्र | उत्खनन् परिमाण (घन मिटर) | न्यूनतम ठेक्का अंक (मु.अ.कर बाहेक) | बोलपत्र/दरभाउपत्र फाराम दस्तुर (रु.) | बोलपत्र/दरभाउपत्र जमानत रकम र अबधि |
|---|---|---|---|---|---|
| KRM/NCB/Goods /Dolakha/ 01/2078/079 | सिंगटी/चप्लेटी क्षेत्र (U/S 27°43'29.28"N, 86°09'30.36"E, D/S 27°43'25.77"N, 86°09'25.46"E,) | ८६५० | २७५०७०० | ३००० | कबोल अंकको ३ प्रतिशत,१२० दिन |
| KRM/SQB/Goods /Dolakha/ 02/2078/079 | बेनिस्वाँरा क्षेत्र (U/S 27°43'11.81"N, 86°09'12.48"E, D/S 27°43'9.27"N, 86°09'5.83"E,) | ४४७९ | १४२४३२२ | १००० | कबोल अंकको ३ प्रतिशत ,७५ दिन |
| KRM/NCB/Goods /Dolakha/ 03/2078/079 | गुमुखोला क्षेत्र (U/S 27°42'31.85"N, 86°08'51.43"E, D/S 27°42'22.49"N, 86°08'45.55"E,) | ९८२८ | ३१२५३०४ | ३००० | कबोल अंकको ३ प्रतिशत,१२० दिन |
| KRM/NCB/Goods /Dolakha/ 04/2078/079 | कोशीखेत क्षेत्र (U/S 27°41'34.45"N, 86°07'49.85"E, D/S 27°41'32.25"N, 86°07'38.57"E,) | १२९८४ | ४१२८९१२ | ३००० | कबोल अंकको ३ प्रतिशत,१२० दिन |
| KRM/NCB/Goods /Dolakha/ 05/2078/079 | नागदह/मलेपु क्षेत्र (U/S 27°40'53.87"N, 86°06'32.46"E, D/S 27°40'58.64"N, 86°06'28.94"E,) | ८६१२.५ | २७३८७७५ | ३००० | कबोल अंकको ३ प्रतिशत,१२० दिन |

**शर्तहरु :**

१.० फर्मको हकमा नविकरण भएको दर्ता प्रमाण पत्र ,मूल्य अभिबृद्दि कर दर्ता प्रमाण पत्र ,आब २०७६।०७७ को करचुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी वोलपत्र फारम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको वा नेपाल बैंक लिमिटेड चरिकोट शाखामा रहेको यस कार्यालयको खाता नं.१३००३०००००१००१००००१ मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० औं दिनको कार्यालय समय भित्र कार्यालयबाट बोलपत्र फारम खरिद गर्न सकिने छ । साथै विद्युतीय माध्यमबाट बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np/egp बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ । तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको नगद रसिद वा यस कार्यालयको बैंक खातामा माथि उल्लेखित खाता नम्बरमा जम्मा

नवराज ओली
... प्रशासकीय अधि...

Scanned with CamScanner

गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्ने छ । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ ।

२.० बोलपत्र सम्बन्धी फारम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ । आफुले कबोल गरेको अंकको ३(तिन) प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको नेपाल बैंक लिमिटेड,चरिकोट शाखामा रहेको धरौटी खाता नं. १३००३००००३०००००००१ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त "क" बर्गको बाणिज्य बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नम्बर र नाम उल्लेख गरि सूचनामा उल्लेख भए अनुसार म्याद भएको बिडबण्ड शिलबन्दी खाम साथ पेश गर्नुपर्ने छ ।

३.० खरिद गरेको बोलपत्र फारमहरुमा उल्लेख भएका सवै बिबरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सहिछाप गरी शिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना,कामको विवरण,बोलपत्र विवरण ,प्रोपाईटरको नाम , ठेगाना,फोन नम्बर ,मोवाईल नम्बर समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा हार्ड कपी वा बिद्युतीय प्रति दर्ता गर्नुपर्ने छ ।

४.० एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामवाट दाखिला गर्न पाईने छैन । रितपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको १:०० बजे देखि कार्यालयका प्रतिनिधि,निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिने छ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन विदा परेमा सो कार्य विदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिने छ ।

५.० प्रि-बिड बैठक यो सूचना प्रकाशित मितिले २१ औं दिन दिनको १२:०० बजे गाउँपालिकाको कार्यालयमा हुनेछ । ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ । उक्त दिन विदा परेमा उक्त वैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ ।

६.० बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकावाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७.० स्वीकृत बोलपत्रको सूचना पाएको मितिले १५ दिनभित्र मू.अ. कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्तावापत २० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ । बाँकी ८० प्रतशितले हुने किस्ता रकम नेपाल राष्ट्र बैंकवाट ईजाजत प्राप्त "क" बर्गको बाणिज्य बैंकबाट यस कार्यालयको नाममा २०७९ साल आषाढ मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेश गर्नुपर्नेछ । साथै बोलपत्र कबोल गर्ने फर्मले आफुले कबोल गरेको अक, सेवा शुल्क वापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३ प्रतिशत भ्याट रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।

८.० यस गाउँपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र, उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, वागमती प्रदेश आर्थिक ऐन २०७८, अन्य प्रचलित कानुन तथा मापदण्ड बमोजिम हुनेछ । यस कार्यालयवाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

विस्तृत जानरकारीको लागि यस कार्यालयको website : kalinchowkmun.gov.np मा समेत हेर्न सकिनेछ ।)

प्रमुख प्रशासकीय अधिकृत

नवराज ओली
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner